# सेवा करार सम्बन्धी सम्झौता पत्र

वरहथवा नगरपालिका कार्यालय, वरहथवा ,सर्लाही (यस पछि प्रथम पक्ष भनिएको) र वरहथवा –९, सर्लाही बस्ने श्री सवीना खड्का (यसपछि दोस्रो पक्ष भनिएको) का बीच देहाय बमोजिमका शर्तहरुका अधिनमा रही सहायक कम्प्युटर कामकाज गर्न सेवा करार सम्बन्धमा दुवै पक्षको मन्जुरी भई आज मिति २०७३ साल वैशाख १३ गतेका दिन नगरपालिका कार्यालयमा बसी यो सम्झौता पत्रमा दुवै पक्षले दस्तखत गरी एक/एक प्रति लियौं दियौं ।

**सम्झौताका शर्तहरु**

१. यो सम्झौता कार्यादेश भएको मितिदेखि लागू भई २०७३ अषाढ मसान्तसम्म कायम रहने छ । कार्यालयको सम्बन्धित पदमा पदपूर्ति भएमा वा सेवाको आवश्यक्ता नभएमा वा काम सन्तोषजनक नभएमा जुन सुकै समयमा पनि प्रथम पक्षले यो सम्झौता भंग गर्न सक्नेछ । उल्लेखित समय अवधि पश्चात सेवाको आवश्यक्तानुसार आपसी समझदारीमा सम्झौताको अवधि थप गर्न सकिने छ ।

२. दोस्रो पक्षले सार्वजनिक विदाका दिन बाहेक कार्यालय खुलेको सबै दिन नगरपालिका कार्यालयमा तोकिएको समयमा हाजिर गरी पद अनुसारको काम तथा नगरपालिकाबाट लगाए अह्राएको सबै काम गर्नु पर्नेछ ।

२. दोस्रो पक्षलाई तोकीएको काम समयमा नसकिएको कारण कार्यालय समय बाहेकको समयमा पनि कार्य गर्नु पर्ने छ । यसरी काम गर्दा सो वापत अतिरिक्त भुक्तानी हुने छैन ।

३. दोस्रो पक्षले प्रथम पक्षलाई सेवा उपलब्ध गराए वापत प्रत्येक महिना भुक्तान भए पछि आपसी सहमतीका आधारमा प्रथम पक्षले दोस्रो पक्षलाई मासिक नियमानुसार कर कट्टी गरी बांकी रकम भुक्तानी गरिनेछ । लगातार छ महिनाभन्दा बढी अवधि काम गरेको अवस्थामा मात्र अन्य कर्मचारी सरह चाँडपर्व खर्च र पोशाक भत्ता भुक्तानी दिईने छ ।

४. प्रथम पक्षद्वारा दोस्रो पक्षलाई कार्यालयको कामसँग सम्बन्धित कार्यको लागि अन्यत्र काज वा फिल्ड खटाउदा दोस्रो पक्षको पद सरहले पाउने नियमानुसारको सुविधा प्रथम पक्षले उपलब्ध गराउने छ ।

५. दोस्रो पक्षले कुनै कारणबश सेवा उपलब्ध गराउन नसकेमा कम्तिमा १५ दिन अगाडि सो को जानकारी प्रथम पक्षलाई गराउनु पर्नेछ ।

६. दोस्रो पक्षले कार्यालय समयमा तोकिएको पोशाक लगाउनु पर्नेछ । पोशाक भत्ता वापत प्रथम पक्षले अन्य कर्मचारी सरह पोशाक भत्ता उपलब्ध गराउने छ ।

७. दोस्रो पक्षले स्थानीय निकायका अन्य कर्मचारी सरह घर विदा, विरामी विदा, भैपरी आउने र पर्व विदा पाउने छ । तर, संचित विदाको रकम भुक्तानी पाईने छैन ।

८. यो सम्झौतामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

दोस्रो पक्ष

..............................
सवीना खड्का
सहायक कम्प्युटर अपरेटर
वरहथवा -९ ,सर्लाही

प्रथम पक्ष

..............................
राधेश्याम गिरी
कार्यकारी अधिकृत
वरहथवा नगरपालिका कार्यालय, सर्लाही